गृह मन्त्रालय

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, पाल्पा**

# राष्ट्रिय परिचयपत्रको मासिक प्रगति विवरण

## श्रावण, २०७७




**Website**: http://daopalpa.moha.gov.np

**Email** : daopalpa@gmail.com

**Facebook page**: https://www.facebook.com/dao.palpa.148

**Facebook Id** : जिल्ला प्रशासन कार्यालय, पाल्पा

**Contact Number**: 075-520125 / 520124

## १ -राष्ट्रिय परिचयपत्र परिचय

नागरिकहरुको वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्रलाई राष्ट्रिय परिचय पत्र भनिन्छ । यसमा व्यक्तिको परिचय खुल्ने सूचना, वायोमेट्रिक सूचना, पृथक नम्बर, सुरक्षण चिन्हहरु र चिप रहेको हुन्छ ।

### २ -राष्ट्रिय परिचय पत्रमा समावेश हुने विवरणहरु

व्यक्तिगत विवरणहरू नाम थर, जन्म मिति, लिङ्ग, आमाबुबाको नाम, ठेगाना, नागरिकताको किसिम, पतिपत्नीको नाम, बाजेको नामथर

- औला छाप (१० वटा औला)
- आखाँको नानि (Iris)
- परिचय नम्बर
- फोटो
- राष्ट्रियता
- हस्ताक्षर
- चिप्स

### ३ - राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग स्थापनाको उद्देश्य

- नेपाली नागरिकको वैयिक्तक तथा जैविक विवरण सहितको परिचय खुल्ने गरी विद्युतीय प्रणालीबाट तथ्यांक तथा अभिलेख तयार गरी **सुरक्षित भण्डारण** व्यवस्थापन , उपयोग र नियन्त्रण गर्ने सो तथ्यांकको आधारमा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने ,
- व्यक्तिगत घटना जस्तै जन्म , मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद आदिको दर्ता तथा अभिलेख व्यवस्थापन लगायत पञ्जिकरण सम्बन्धी काम गर्ने ,
- सामाजिक सुरक्षा भत्ता बितरण सम्बन्धी काम गर्ने,
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरि नागरिकका सूचना विवरणहरु एकीकृत रुपमा राखे र यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधामा आवद्ध गर्ने ।
- समग्रमा सुरक्षित भण्डारण ,पृथक नम्बर सहितको परिचयपत्र उत्पादन, वितरण ,सेवा आवद्धता / उपयोगिता,कानून र सङ्गठनको निरन्तर सुधार गर्ने ।

## ४ -राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने हुनुपर्ने मापदण्ड (Criteria )

- १६ वर्ष उमेर पुरा भएको
- नेपाली नागरिकताको प्रमाणपत्र लिएको । -
- परिचयपत्र प्राप्त गर्न योग्य व्यक्तिले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको निकाय वा अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ । निवेदन दिँदा परिचयपत्र प्राप्त गर्न चाहने व्यक्तिले वा विभागले तोकेको निकाय वा अधिकारीलाई डिजिटल तस्विर, दुवै हातका १० औलाको रेखा सहितको डिजिटल ल्याप्चे छाप , हस्ताक्षर लगायतका व्यैक्तिक तथा जैविक विवरण उपलब्ध गराउनुपर्छ ।

## ५ -राष्ट्रिय परिचयपत्रको प्रयोगकर्ता को हुन ?

- नेपाली नागरिकहरू
- सेवा प्रदायक निकायहरु·
- सुरक्षा अनुसन्धान र न्यायिक निकायहरु
- कानूनले तोकेका अन्य व्यक्ति तथा संस्थाहरु

## ६ नेपालमा -राष्ट्रिय परिचयपत्र वितरण

**<u>शुरुमा परीक्षण स्वरूप पहिलो चरणमा :</u>पाँचथर जिल्ला र सिंहदरबार परिसर**

**<u>दोस्रो चरण (जिल्ला १५):</u>**

➔ झापा, संखुवासभा, सप्तरी, महोत्ततरी, ललितपुर, रसुवा, चितवन, स्याङ्जा, तनहुँ, कपिलवस्तु, गुल्मी, सल्यान, जुम्ला, अछाम र कञ्चनपुर कार्यक्रम शुरु भईसकेको ।

➔ **<u>तेश्रो चरण बाकी सवै)जिल्लाहरुमा (:</u> नेपाल सरकार म मिति .प.२०७५को निर्णय ०३/११/ अनुसार**

## राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धमा नेपालमा भएको नीतिगत व्यवस्था

➔ **<u>नेपालको संविधानको</u>**

- **<u>धारा १५</u>** - नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने ।
- **<u>धारा ५१</u>** एकीकृत -राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ।

➔ <u>गृह प्रशासन सुधार मार्गीचित्र २०७४</u>(बुँदे ८४) –

राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको ।

## ७ राष्ट्रिय परिचयपत्रका फाईदा

व्यक्तिलाई फाईदा राज्यलाई हुने फाइदाः

**कानूनी फाईदाः**

➔ व्यक्तिको जैविक तथा वैयक्तिक विवरण प्राप्त हुने , प्रत्येक व्यक्तिलाई कर्तव्यब ) ाट बाध्ने आधार प्राप्ती हुन्छ ।

**आर्थिक फाईदाः**

➔ आर्थिक चुहावट रोक्न र राजश्व छली र दुरुपयोग घटाउँछ ।

**Government Effectiveness:**

➔ राष्ट्रिय विकासका लागि यथार्थपरक योजना निर्माण , कार्यक्रम सञ्चालन र सुरक्षा कायम गर्न सजिलो हुने,

➔ समय स्रोत साधनको उच्चतम प्रयोग हुन्छ ।

➔ व्यक्तिको पहिचानसम्बन्धी समस्या समाधान हुने,

➔ प्रविधिको उपयोग,

➔ सेवा सुविधा सहज र छिटो प्राप्ति,

➔ सेवा सुविधा प्राप्त गर्न कम लागत लाग्ने

➔ कागजात वोकेर हिड्ने झन्झट नहुने,

➔ काजगात हराउने, नासिने समस्याको अन्त्य हुने,

➔ आफ्नो नाममा अर्को व्यक्तिले किर्ते गर्ने, सेवा सुविधा प्राप्त गर्ने जस्ता समस्याहरु नरहने,

➔ दोहोरो परिचय वा नक्कली परिचय बनाउने जस्ता अपराध नियन्त्रण हुने,

➔ नेपाल सरकारका विभिन्न निकायले विभिन्न कामका लागि जस्तैः मतदाता परिचयपत्र), सामाजिक सुरक्षा कार्ड , लाइसेन्स लगायत छुट्टाछुट्टै जारी गरेका (परिचयपत्रको सट्टा यस परिचयपत्र प्रणालीमा ती अनुमती वा परिचयपत्रका विवरण राखी एउटै कार्डलाई उपयोग गर्न सकिने,

➔ कोही नदोहोरिने र कोही नछुट्ने गरी स्वच्छ , निष्पक्ष, पारदर्शी किसिमले समान रुपमा सेवाको वितरण गरी सुशासनको प्रत्याभूती दिलाउन सहयोग पुग्ने,

➔ सेवाग्राहीको पहिचानमा सरलता हुन गई सेवा प्रवाहलाई मर्यादित र जिम्मेवार बनाउन सघाउने,

राजनीतिक फाईदाः

- ➔ तथ्याङ्कको दुरुपयोग हुन नदिई स्रोतसाधनको उचित ठाउँमा उच्चतम प्रयोग भई जनता र सरकारबीच सुमधुर सम्बन्ध कायम गराउन सघाउने ।

Use of Advanced Technology:

- ➔ आधुनिक प्रविधिको प्रयोग गरी विवरण प्राप्त गर्ने , Authenticate गर्ने र सेवा प्रवाह गर्दा संगठनहरुले छोटो छरितो सेवा प्रवाह गर्न सक्दछन ।

## राष्ट्रिय परिचयपत्र कहाँबाट वितरण गरिन्छ?

संकलन गरेको विवरणको आधारमा सिंहदरबारमा रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट राष्ट्रिय परिचयपत्र तयार गरी प्रत्येक जिल्लामा , जिल्ला प्रशासन कार्यालयहरूबाट वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोकेको स्थानबाट वितरण गरिन्छ ।

- राष्ट्रिय परिचयपत्रको सन्दर्भमा जैविक पहिचान भन्नाले व्यक्तिको फोटो र दश औंलाको छाप (finger Print) भन्ने वुझिन्छ । वैयक्तिक पहिचान अन्तर्गत व्यक्तिको नाम, थर, ठेगाना, उमेर, लिंग तथा त्यस्तै अन्य व्यक्तिगत विवरणहरू पर्दछन् ।

- राष्ट्रिय परिचयपत्रको पृष्ठ भागमा राखिएको तथ्यांक सुरक्षित राख्ने विधुतिय साधन चिप्स हो । चिप्समा विभिन्नर प्रकृतिका विवरण र तथ्यांकलाई पर्याप्त परिमाणमा संग्रह गरेर राख्न मिल्छ । यसमा राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित विवरणको अतिरिक्त अन्य विवरणहरु जस्तै PAN, सवारी चालक अनुमतिपत्र )Driving license), गरीव परिचयपत्र सेमत राख्न सकिन्छ ।

### नागरिकता नभएको व्यक्तिले कसरी परिचयपत्र पाउँदछन्?

हाललाई नागरिकताको प्रमाणपत्र लिएर सोही आधारमा मात्र राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने ब्यवस्था छ ।

### राष्ट्रिय परिचय नम्बर भनेको के हो?

प्रत्येक व्यक्तिको पहिचानलाई सजिलोसंग प्रस्तुत गर्न प्रयोग गरिएको सांकेतिक नम्वरलाई राष्ट्रिय परिचय नम्बर भनिन्छ । प्रत्येक ब्यक्तिलाई फरकफरक रूपमा उपलब्ध गराइएको सांकेतिक अंक- राष्ट्रिय परिचयपत्रमा राखिएको हुन्छ जसलाई Individual Unique Number पनि भनिन्छ ।

## राष्ट्रिय परिचयपत्र वितरणमा कुन कुन निकायको कस्तो भूमिका रहन्छ?

राष्ट्रिय परिचयपत्रका लागि आवश्यक पर्ने विवरण संकलन गरी विभागमा पठाउने र विभागमा प्रशोधन भई निर्मित राष्ट्रिय परिचयपत्र वितरण गर्ने काम जिल्ला प्रशासन कार्यालयले तथा स्थानीय तहबाट गरिन्छ । राष्ट्रिय परिचयपत्रका लागि सिफारिश गर्ने तथा व्यक्तिगत घटना विवरणहरू जन्म), मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद आदि दर्ता गरी सो को विवरण विभागमा उपलब्ध ( गराउने कार्य स्थानीय तहबाट गरिन्छ । अन्य विभिन्न निकायले समेत यस कार्यमा सहयोग गर्न सक्दछन् ।

## राष्ट्रिय परिचयपत्र लागु भएपछि नागरिकता प्रमाण पत्रको प्रयोग कसरी गरिन्छ?

नेपाली नागरिकता प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन सुचना प्रणाली दुवै संवैधानिक व्यवस्था भएकोले प्रचलित कानून अनुसार दुवैको उपयोग हुन्छ । हाल कानून अनुसार जारी गरिएका पहिचान कार्डहरु सम्बन्धित कानून अनुसार प्रयोग तथा उपयोग हुन सक्दछन् ।

# प्रगति (२०७७ श्रावण ५ देखि श्रावण २५ गतेसम्म)

| मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०७७।४।५ | ० | १ | १ |
| २०७७।४।६ | ४ | ३ | ७ |
| २०७७।४।७ | ५ | १२ | १७ |
| २०७७।४।८ | १२ | ४ | १६ |
| २०७७।४।९ | १ | २ | ३ |
| २०७७।४।१० | शनिवार | | |
| २०७७।४।११ | ५ | ४ | ९ |
| २०७७।४।१२ | ३ | ७ | १० |
| २०७७।४।१३ | ७ | ३ | १० |
| २०७७।४।१४ | २ | ५ | ७ |
| २०७७।४।१५ | ३ | ३ | ६ |
| २०७७।४।१६ | ८ | ५ | १३ |
| २०७७।४।१७ | शनिवार | | |
| २०७७।४।१८ | ८ | १३ | २१ |
| २०७७।४।१९ | १ | ६ | ७ |
| २०७७।४।२० | ३ | ४ | ७ |
| २०७७।४।२१ | १२ | ४ | १६ |
| २०७७।४।२२ | ५ | ३ | ८ |
| २०७७।४।२३ | ४ | ७ | ११ |
| २०७७।४।२४ | शनिवार | | |
| २०७७।४।२५ | १ | ३ | ४ |
| **जम्मा** | **८४** | **८९** | **१७३** |

## अन्त्यमा

बहुउपयोगी तथा प्रविधियुक्त राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली स्थापना र विकास गर्ने नेपाल सरकारको दिर्घकालिन सोच रहेको छ । जसको माध्यमबाट प्रविधिमैत्री , सुशासित र सुदृढ सेवा प्रवाहमा नेपालको सान, बहुउपयोगी राष्ट्रिय परिचयपत्र हाम्रो पहिचान हुनेछ । यसबाट गुणस्तरीय सार्वजनिक सेवा तथा शान्ति , सुरक्षा र सुशासन प्रवर्द्धन गर्दै आधुनिक सूचना प्रविधिमा आधारित राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको अवलम्वन गरी समृद नेपाल सुखी नेपाली अभियानमा सहयोग पुग्दछ ।

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय, पाल्पा**



**Website**: http://daopalpa.moha.gov.np

**Email** : daopalpa@gmail.com

**Facebook page**: https://www.facebook.com/dao.palpa.148

**Facebook Id** : जिल्ला प्रशासन कार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124